

## राजनीति र प्रशासनबीच सम्बन्ध

रश्मिशेखर सुवेदी

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com




❑ वर्ष-२१ ❑ अंक - १४८ ❑ २०८३ जेठ २१ गते बिहीबार ❑ Thursday, 04 June, 2026 ❑ मूल्य ७ /-



*खुल्ला सीमाका कारण तस्करहरुले पोका बनाएर सामान ओसारपसार गर्ने, पर्खाल चढ्ने र वारपार गर्ने गतिविधि बढ्दै गएको स्थानीय स्तरबाट गुनासो आएपछि सशस्त्र प्रहरीले १ नम्बर गेट नजिक नेपाल तर्फको पर्खालमा सिमानामा नेपालतर्फको पर्खालमा काँडे तार लगाउँदै ।*

## रवि फर्किएपछि संसद बैठक बस्ने

*__दमक/__ रास्वपा सभापति रवि लामिछाने भारतबाट फर्किएपछि मात्रै संसद बैठक बस्ने भएको छ । सभामुख डीपी अर्यालले २५ गते सम्मका लागि मंगलबार नै संसद बैठक स्थगित गरेका छन । पहिलो पटक सांसदको प्रश्नको उत्तर दिने क्रममा सीमा सम्बन्धी विषयमा प्रधानमन्त्री बालेन विवादमा परेपछि संसद अवरुद्ध हुँदै आएको छ । रास्वपा सभापति भारत भ्रमणमा जानु ठिक अघिल्लो दिन प्रधानमन्त्री बालेन शाहले संसदमा आपत्तिजनक अभिव्यक्ति दिएका थिए । पाँच दिने औपचारिक भ्रमणमा रहेका लामिछाने नेपालमा उनी फर्किएपछि मात्रै बैठक सञ्चालन गर्नेगरी सभामुख अर्यालले संसद बैठक स्थगित गरेका छन् ।*

## एमालेका चार मन्त्रीले दिए राजीनामा

**दमक/** लुम्बिनी प्रदेश सरकारमा सहभागी नेकपा एमालेका चार जना मन्त्रीले राजीनामा दिएका छन् । राजीनामा दिनेहरुमा भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकाल, सिँचाइमन्त्री सीता चौधरी, भूमि व्यवस्था तथा कृषिमन्त्री दिनेश पन्ती र स्वास्थ्यमन्त्री खेम सारु रहेका छन् । पार्टीको निर्देशनबमोजिम बुधबार मुख्यमन्त्री चेतनारायण आचार्यलाई राजीनामापत्र बुझाएको मन्त्री ढकालले जानकारी दिए । मुख्यमन्त्री सहित एमालेका पाँच बाँकी ४ पेजमा ▸▸

## कोशीका तराई जिल्लामा बढ्यो तापक्रम

# गर्मीले जनजीवन प्रभावित

✍ खगेन्द्र कार्की

**दमक/** कोशी प्रदेशको तराई क्षेत्रसहित देशका विभिन्न भूभागमा केही दिनयता बढेको अत्यधिक गर्मीले जनजीवन प्रभावित बनेको छ। बिहानैदेखि चर्को घाम लाग्न थालेपछि सर्वसाधारणलाई घरबाहिर निस्कन कठिन भएको छ भने दैनिक मजदुरी, व्यापार-व्यवसाय, शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत यसको प्रत्यक्ष असर देखिन थालेको छ । जल तथा मौसम विज्ञान विभागले कोशी प्रदेशको तराई तथा मधेश प्रदेशमा तातो दिन रहने सम्भावना औंल्याउँदै आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

पूर्वी तराईका झापा, मोरङ र सुनसरीसहितका जिल्लामा तापक्रम ४० डिग्री सेल्सियस नजिक पुगेको छ ।


सोमबार अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस पुगेको गर्मी त्यस यता मंगलबार ३७ डिग्री सेल्सियस भनिएको छ तर अनुभव त्यो भन्दा अत्याधिक जस्तो लाग्छ । बाहिर निस्किँदा छाला पोल्ने तातो हावा चलिरहेको छ । जसका कारण स्वस्थ मानिसहरु घरबाहिर निस्किन सकेका छैनन् ।

अत्यधिक गर्मीका कारण दिउँसो बजार, सडक तथा सार्वजनिक स्थलहरु सुनसान देखिन थालेका छन् । दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने मजदुर भने चर्को घामका बीच पनि काममा निस्किन बाध्य छन् । दमक-१० का हरि बोगटीले दैनिक काम नगरे परिवार पाल्न कठिन हुने भएकाले गर्मीका बाबजुद काममा जानुपर्ने बाध्यता रहेको बताए । "पछिल्ला चार-पाँच दिनयता गर्मी असाध्यै बढेको छ। बिहानदेखि नै घामले पोल्न थाल्छ," उनले भने ।

दमकमा निर्माण क्षेत्रमा कार्यरत सुनसरी मधेसाका मजदुर रामभरोस कापडियाले दिउँसो काम गर्नै कठिन हुन थालेको बताए । "अब त रातिको समयमा काम गर्नुपर्ने अवस्था आउला जस्तो छ । सडक, घर, जग्गा सबै तातेका छन्, तातो हावाले झन् सास्ती दिएको छ," उनले भने। उनका अनुसार निरन्तर पसिना आउने, पानीसमेत तातो हुने र थकान बढ्ने समस्याले स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ ।

गर्मीले व्यापार-व्यवसायमा समेत असर पारेको व्यवसायीहरुको भनाइ छ । दमकका व्यवसायी रमेश गुप्ताले दिउँसो ग्राहकको बाँकी ४ पेजमा ▸▸

# रवि र मोदीबीच भेटवार्ता



**दमक/** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाललाई भारतको 'नेबरहुड फर्स्ट' (छिमेकी पहिलो) नीतिअन्तर्गतको प्राथमिक साझेदार मुलुकका रुपमा पुनः उल्लेख गर्दै नेपालसँगको सम्बन्धलाई थप उचाइमा पुर्‍याउन भारत तयार रहेको बताएका छन् ।

बुधबार नयाँ दिल्लीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसँग भएको भेटवार्तापछि सामाजिक सञ्जाल एक्समार्फत प्रतिक्रिया दिँदै प्रधानमन्त्री मोदीले साझा समृद्धि र उज्ज्वल भविष्य निर्माणका विषयमा सार्थक छलफल भएको जानकारी दिए। उनले नेपालसँगको सम्बन्धलाई विशेष र बहुआयामिक भन्दै नयाँ सरकारसँग सहकार्य गर्न भारत तत्पर रहेको स्पष्ट पारे । "नेपाल हाम्रो 'नेबरहुड फर्स्ट' नीतिअन्तर्गतको प्राथमिक साझेदार हो," मोदीले लेखेका छन्, "हामी दुई देशबीचको विशेष सम्बन्धलाई अझ सुदृढ बनाउन र साझा समृद्धिका लागि मिलेर काम गर्न प्रतिबद्ध छौं।"

मोदी र लामिछानेबीचको भेटलाई नेपाल-भारत सम्बन्ध, राजनीतिक संवाद तथा अन्तरपार्टी सहकार्यका दृष्टिले महत्वपूर्ण रुपमा हेरिएको छ। भारत भ्रमणमा रहेको रास्वपाको प्रतिनिधिमण्डलले यसअघि भारतीय विदेशमन्त्री एस. जयशंकर, गृहमन्त्री अमित शाहलगायत विभिन्न राजनीतिक तथा सरकारी अधिकारीहरुसँग पनि भेटवार्ता गरेको थियो।

भेटका क्रममा रास्वपा सभापति लामिछानेले नेपाल-भारत सम्बन्धलाई समयानुकूल ढंगले पुनर्परिभाषित गर्नुपर्ने आवश्यकता औंल्याउँदै आठ बुँदे प्रस्ताव अघि सारे। उनले सीमा विवाद समाधान, रक्सौल-काठमाडौं रेलमार्ग निर्माण, पोखरा र लुम्बिनीबाट भारतका विभिन्न सहरमा सिधा हवाई उडान, 'काठमाडौं-बेङ्गलुरु डिजिटल करिडोर' निर्माण, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सहकार्य, सीमा क्षेत्रमा मल उद्योग स्थापना, एकीकृत ऊर्जा बजार निर्माण तथा खेलकुद कूटनीतिलाई प्राथमिकतामा राख्न प्रस्ताव गरेका छन्।

रास्वपाले यी प्रस्ताव नेपालको आर्थिक विकास, पूर्वाधार विस्तार, प्रविधि हस्तान्तरण तथा क्षेत्रीय सहकार्यलाई बलियो बनाउने उद्देश्यले अघि सारिएको जनाएको छ। भारतले पनि नेपालसँगको साझेदारीलाई थप मजबुत बनाउन इच्छुक रहेको सन्देश दिएसँगै दुई देशबीचको सम्बन्ध नयाँ चरणमा प्रवेश गर्न सक्ने अपेक्षा गरिएको छ।

## एमालेको पुनर्गठन वहस निर्णायक मोडमा

**दमक/** नेकपा एमालेभित्र अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वलाई लिएर उठेको असन्तुष्टि अब निर्णायक चरणमा पुगेको छ । पार्टीभित्र नेतृत्व परिवर्तन र पुनर्गठनको बहस तीव्र बनेसँगै ओली सचिवालयमै अल्पमतमा परेको चर्चा छ । जेठ १० गते सम्पन्न सचिवालय बैठकले 'निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल' गठन गरेको थियो। उपाध्यक्ष रामबहादुर थापा 'बादल'को संयोजकत्वमा बनेको उक्त कार्यदललाई असार १० भित्र प्रतिवेदन बुझाउने जिम्मा दिइएको छ। कार्यदलले अहिले पुनर्गठनको सैद्धान्तिक आधार निर्माण गर्ने काम गरिरहेको जनाएको छ ।

सचिवालय बैठकमा अधिकांश सदस्यले चुनावी हार, कमजोर जनाधार र संगठनभित्रको असन्तुष्टिलाई आधार मानेर ओलीको नेतृत्व परिवर्तनको माग गरेका थिए। तर अध्यक्ष ओली भने नेतृत्व छोड्ने मनस्थितिमा छैनन्। उनले आफूलाई कठिन परिस्थितिमा पनि नेतृत्व गर्न महाधिवेशनले जिम्मेवारी दिएको भन्दै अडान दोहोर्‍याएका छन् ।

ओलीले पार्टीको कार्यक्रमलाई सम्बोधन गर्दै अनुशासन र एकतामा जोड दिँदै नेतृत्वमाथिको प्रश्नलाई अस्वीकार गरेका छन्। उनले नेतृत्व परिवर्तनको बहसलाई पार्टी कमजोर बनाउने प्रयासको रुपमा व्याख्या गरेका छन् भने असन्तुष्ट नेताहरुलाई कारबाहीसम्मको चेतावनी दिएका छन् ।

पार्टीभित्र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरणबारे पनि विवाद देखिएको छ। ओलीले यसलाई सामान्य प्रक्रिया भन्दै यसलाई जित-हारका रुपमा नहेर्न आग्रह गरेका छन् । कार्यदलको प्रतिवेदन, केन्द्रीय कमिटी बैठक र बढ्दो आन्तरिक दबाबका कारण एमालेभित्र नेतृत्व परिवर्तनको बहस अझै तीव्र हुने देखिएको छ । पुनर्गठन पक्षधरले ओलीको विकल्प खोज्नुपर्ने निष्कर्ष निकालेको दाबी गरे पनि ओली समूहले पार्टी अनुशासन र एकतामा जोड दिँदै प्रतिवाद गरिरहेको छ ।

## भुटानी शरणार्थी समस्या समाधान गर्न सरकारसँग पहलको माग

झापा । भुटान पिपुल्स पार्टीले भुटानी शरणार्थी समस्याको सम्मानजनक, न्यायपूर्ण र दिगो समाधानका लागि नेपाल सरकारले आवश्यक कूटनीतिक तथा राजनीतिक पहल गर्नुपर्ने माग गरेको छ। पार्टीको ३६औं स्थापना दिवसका अवसरमा अध्यक्ष बलराम पौड्यालले जारी गरेको विज्ञप्तिमा नेपालमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमले भुटानी शरणार्थी समुदायमा नयाँ आशा जगाएको उल्लेख गरिएको छ। नयाँ सरकारले अवलम्बन गर्ने कूटनीतिक, राजनीतिक तथा मानवीय पहलले शरणार्थी समस्याको दीर्घकालीन समाधानका लागि ठोस आधार तयार गर्ने विश्वास व्यक्त गरिएको छ।

विज्ञप्तिमा भुटानी शरणार्थीहरु अनिश्चितकालसम्म शरणार्थी जीवन बिताउन नचाहेको उल्लेख गर्दै बाँकी ४ पेजमा ▸▸

# दमकमा विकास निर्माणको निरन्तर अनुगमन

✍ बाबुराम कार्की

**दमक/** वर्षायाममा रतुवा खोलाको बाढीबाट हुने जोखिम न्यूनीकरण र नागरिकलाई सुरक्षित बनाउन दमक नगरपालिकाले वडा नं. १० मा रतुवा खोलाको डाइभर्सन निर्माणलाई तीव्रता दिएको छ । एसियाली विकास बैंक (एडीबी) को करिब १९ करोड रूपैयाँ लागतमा निर्माण भइरहेको डाइभर्सन आगामी दिनमा दमकलाई खोलाजन्य विपद्को त्रासबाट मुक्त गराउने अपेक्षा गरिएको छ । नगरप्रमुख रामकुमार थापाको नेतृत्वमा बुधबार गरिएको स्थलगत अनुगमनका क्रममा डाइभर्सन निर्माण कार्य अन्तिम चरणतर्फ उन्मुख रहेको जानकारी दिइयो । हाल रतुवा खोलाको किनारमा दुई खण्डमा काम भइरहेको छ । एउटा क्षेत्रमा ८ सय मिटर र धरानटोल दक्षिण पाँचथरे क्षेत्रमा ८ सय ७५ मिटर लामो डाइभर्सन निर्माण भइरहेको छ । नगरप्रमुख थापाले बाँकी संरचनासमेत पूरा भएपछि वर्षेनी बाढीको जोखिम झेल्दै आएका स्थानीयले राहत पाउने विश्वास व्यक्त गरे ।

त्यसैगरी, वडा नं. १० मा नागरिकको अर्को महत्वपूर्ण आवश्यकताका रुपमा रहेको दाहसंस्कार स्थल निर्माणको काम पनि अघि बढाइएको छ । स्थानीयवासीले लामो समयदेखि भोग्दै आएको व्यवस्थित अन्त्येष्टि स्थलको अभावलाई सम्बोधन गर्न नगरपालिकाले आवश्यक पूर्वाधार निर्माण गरिरहेको जनाएको छ । यसले मृतकको अन्तिम संस्कारलाई व्यवस्थित र सहज बनाउने अपेक्षा गरिएको छ ।

अनुगमनका क्रममा अन्य विकास निर्माणका कामको पनि निरीक्षण गरिएको थियो । सेतुमारी क्षेत्रको बिहीबारे बजार स्तरोन्नति भईरहेको छ । व्यवस्थित बजारका लागि टहराहरू बनाउने, बाटोमा टाइल लगाउनेलगायतका कामहरू धमाधम भईरहेका छन् । स्थानीय उत्पादनलाई बजारीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

उक्त क्षेत्रमा छिटफुट रहेका केही बाटाहरू पनि धमाधम बनाउने काम भईरहेको छ । पिपलचोक-स्वामी चोकसम्मको शान्ति टोलमा १९ सय मिटर बाटो व्यवस्थित ढंगबाट बनिरहेको छ । सहरी विकास मन्त्रालय अन्तर्गत संघीय सरकारको ३ करोड बजेटमा निर्माण भईरहेको सो बाटोसहित अन्य धेरै बाटाको निर्माण कार्य आर्थिक मन्दीको कारणले निर्माण व्यवसायीले बन्द गरेको वडा अध्यक्ष बाँकी ४ पेजमा ▸▸

**सपोर्ट बचत तथा ऋण सहकारी संस्था लि., दमक-५ झापाको**

## ऋण तिर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८३। ०२। २१*

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले व्यावसायीक प्रयोजनको लागी ऋण लिँदाको बखतमा तोकीएको भुक्तानी तालीका अनुसार तिर्नु बुझाउनुपर्ने सावाँ र ब्याज रकम नतिरी नबुझाई संस्थालाई लेखी लेखाई दिएको ऋण सम्बन्धी सर्त बन्देज उल्लघंन गर्नुभएकोले संस्थाले पटक पटक लिखीत तथा मौखीक रुपमा तागेता गर्दा पनी आलटाल गरी सर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने सावाँ र ब्याज नबुझाएको हुँदा यो सुचना प्रकासीत भएको मितिले ३५दिन भित्रमा यस संस्थाको कार्यालयमा आई भाखा नागेको ऋणको सावाँ , ब्याज र बिलम्ब शुल्क एकमुष्ट चुक्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्यलाई यो सुचना प्रकाशित गरिएको छ ।

**ऋणीहरूको विवरण**

**ऋणी** : तिल कुमारी दुलाल
पति : निर्मल दुलाल
बाबु : कृष्ण प्रसाद चम्लागाई
ठेगाना : दमक-६
ना प्र न : ३३२७
जमानि : साकार दुलाल

ऋणी

तिलकुमारी दुलाल

**ऋणी** : मदन कुमार इङ्गनाम
बाजे : शेर बहादुर सुब्बा
बाबु : रत्न कुमार सुब्बा
ठेगाना : कमल ४
ना प्र न : ९७७३१७६११
जमानि : कर्ण बहादुर पाठक

ऋणी

मदनकुमार इङनाम

**ऋणी** : बोधराज सन्जेल
बाजे : भरत सन्जेल
बाबु : मनिका प्रसाद सन्जेल
ठेगाना : दमक ९
ना प्र न : १७८८५
जमानि : निर्मला सन्जेल

ऋणी

बोधराज संजेल

**ऋणी** : बिकास दंगाल
बाजे : खेम प्रसाद दंगाल
बाबु : अम्बिका दंगाल
ठेगाना : कोहबरा २ झापा
ना प्र न : १०३५७
जमानि : कल्पना दंगाल

ऋणी

विकास दंगाल

**ऋणी** : पुर्ण कुमार सम्हाम्फे
बाजे : तिलनाथ लिम्बु
बाबु : भवानि बिक्रम लिम्बु
ठेगाना : दमक ५
ना प्र न : ०४२०४४/५५१८
जमानि : रेखा लिम्बु

ऋणी

पूर्णकुमार सम्वाहाम्फे

ऋणी : सन्तोस बस्नेत
बाजे : लिला बहादुर बस्नेत
बाबु : बेग बहादुर बस्नेत
ठेगाना : शिबसतासी २
ना प्र न : ०४-०१-६९-०५२२५
जमानि : गंगा माया बस्नेत

ऋणी

सन्तोष बस्नेत

**ऋणी** : सम्झना रसाइली
बाजे : बिर्खमान बिक
बाबु : ललित बहादुर बिक
ठेगाना : दमक १
ना प्र न : १९८
जमानि : रचना रसाईलि

ऋणी

सम्झाना रसाइली

**ऋणी** : सोनु कुमार भगत
बाजे : राम लखन भगत
बाबु : डिल्लि प्रसाद भगत
ठेगाना : दमक १
ना प्र न : ११२९५३
जमानि : पुजा चौधरी

ऋणी

सोनुकुमार भगत

**ऋणी** : नबराज उप्रेति
बाजे : कुल प्रसाद उप्रति
बाबु : चैतन्य प्रसाद उप्रति
ठेगाना : सुन्दरपुर २ मोरङ
ना प्र न : ४/४५५४
जमानि : रक्षा बस्नेत

ऋणी

नवराज उप्रेती

**ऋणी** : प्रज्ञा राई
बाजे : चित्रबिर राई
बाबु : सुर्य कुमार राई
ठेगाना : दमक २
ना प्र न : ०५/१९७
जमानि : जिना राई

ऋणी

प्रज्ञा राई

**ऋणी** : मन्जु चम्लागाइ
पति : बिनोद चम्लगाइ
बाबु : ददीराम अधिकारी
ठेगाना : दमक ७
ना प्र न : ०४२०४२/४४२
जमानि : योगेन्द्र चम्लागाइ

ऋणी

मञ्जु चम्लागाई

**ऋणी** : जिबन गजमेर
बाजे : बुद्धिलाल बिक
बाबु : जब्बर बहादुर गजमेर
ठेगाना : दमक ८
ना प्र न : ०५/१९४२
जमानि : जब्बर बहादुर गजमेर

ऋणी

जीवन गजमेर

**सपोर्ट बचत तथा ऋण सहकारी संस्था लि.**

दमक-५, झापा (०२३-५७०४८६)

# उजाड बन्दै गएको ऐतिहासिक टक्सारमा युवाको पुनरागमन

## व्यवसायसँगै बढ्यो नयाँ आशा



**भोजपुर**/ लामो समयसम्म बसाइँसराइका कारण सुनसान बन्दै गएको भोजपुर नगरपालिका-१२ स्थित ऐतिहासिक टक्सार बजारमा पछिल्लो समय युवाहरू फर्केर व्यवसाय सञ्चालन गर्न थालेपछि स्थानीयमा नयाँ उत्साह देखिएको छ। रोजगारी र अवसरको खोजीमा बाहिरिएका स्थानीय पुनः आफ्नै गाउँ फर्किन थालेसँगै बजारमा आर्थिक तथा सामाजिक गतिविधि विस्तार हुन थालेका छन्।

यसको उदाहरणका रूपमा १२ वर्षअघि काठमाडौं गएका सुजन उदास अहिले पुनः टक्सार फर्किएर 'टक्सार नेवाः घासा' नामक होटल सञ्चालन गरिरहेका छन्। बजार सुनसान बन्दै गएको र अवसरको अभाव महसुस भएपछि गाउँ छाडेका उदासले पछिल्लो समय बढ्दो पर्यटक आगमन र व्यवसायिक सम्भावना देखेर आफ्नै जन्मथलोमा लगानी गरेका हुन्। उनका अनुसार स्थानीय उत्पादन, संस्कृति र मौलिक खानाप्रतिको आकर्षण बढ्दै जाँदा टक्सारमा व्यवसायको राम्रो सम्भावना देखिएको छ ।

स्थानीयवासी विमल रणपहेलीका अनुसार विगतमा रोजगारीका लागि अन्यत्र गएका स्थानीयहरू फर्कन थालेपछि बजारमा पुनः चहलपहल बढ्न थालेको छ। यसले टक्सारको ऐतिहासिक पहिचान जोगाउन र स्थानीय अर्थतन्त्र चलायमान बनाउन सहयोग पुगेको उनको भनाइ छ ।

टक्सार पूर्वी नेपालको महत्वपूर्ण ऐतिहासिक बस्तीका रूपमा परिचित छ। १८७२ सालमा तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहको पालामा स्थापना भएको यो बजार 'मिनी पाटन' का रूपमा चिनिन्छ । पाटनबाट आएका नेवार समुदायले यहाँ आफ्नो भाषा, धर्म, संस्कृति र वास्तुकलाको विकास गरेका थिए। नेपालकै पहिलो शाक्यमुनि बौद्ध विहारसमेत यहीं स्थापना भएको थियो। १८७२ देखि १८८७ सालसम्म यहाँ डोली पैसा (टक) निर्माण हुने गरेको ऐतिहासिक तथ्य पाइन्छ ।

स्थानीयका अनुसार नेवारी कला-संस्कृति, पुराना बस्ती, धार्मिक सम्पदा र मौलिक परिकारले पछिल्लो समय आन्तरिक पर्यटकलाई आकर्षित गर्न थालेका छन्। नयाँ होटल, रेस्टुरेन्ट र सांस्कृतिक गतिविधि विस्तार हुँदै जाँदा टक्सारको पुरानो पहिचान पुनर्जीवित हुने विश्वास बढेको छ। स्थानीय अगुवाहरूले ऐतिहासिक सम्पदाको संरक्षणसँगै पर्यटन र व्यवसायलाई जोड्न सके टक्सार पुनः पूर्वी नेपालको महत्वपूर्ण पर्यटन गन्तव्यका रूपमा स्थापित हुन सक्ने बताएका छन्।

# मनोरञ्जन

## सामाजिक संरचनामा आधारित चलचित्र 'काजी'

*__दमक__/ सामाजिक विषयवस्तु र प्रेमकथामा आधारित नेपाली चलचित्र 'काजी' गत जेठ ८ गतेदेखि प्रदर्शनमा आएको छ । निर्देशक लक्ष्मण रिजालले निर्माण गरेको यस चलचित्रले विसं २०४५ को ग्रामीण नेपाली समाजको परिवेशमा प्रेम, समर्पण र सम्बन्धको कथा प्रस्तुत गरेको छ । चलचित्रमा विपिन कार्कीले काजी र ८८केकी अधिकारी८८ले कजिनीको भूमिका निर्वाह गरेका छन्।*

*बाल्यकालमै टुहुरो बनेका काजीका लागि उनकी श्रीमती नै संसार हुन्। उनी श्रीमतीप्रतिको निःस्वार्थ प्रेम, समर्पण र विश्वासका कारण दर्शकमाझ विशेष पात्रका रूपमा उभिन्छन्। सन्तान नहुँदा समाज र परिवारबाट आउने दबाबले कथामा द्वन्द्व सिर्जना गर्छ। काजीका काकाले दोस्रो विवाह गर्न सुझाव दिए पनि उनले कजिनीबाहेक अरू कसैलाई स्वीकार गर्न नसक्ने अडान लिन्छन् ।*

*कथाले नयाँ मोड तब लिन्छ जब कजिनीकी बहिनीको प्रवेश हुन्छ। समाजमा काजी र सालीबीच विवाह हुन सक्ने चर्चा चल्न थालेपछि कजिनीले आफ्नो सम्बन्ध जोगाउन झुटको सहारा लिन्छिन्। यही घटनाक्रमले चलचित्रलाई भावनात्मक र सामाजिक द्वन्द्वतर्फ डोर्‍याउँछ।*

*चलचित्रको मुख्य आकर्षण विपिन कार्कीको अभिनय हो। उनले काजीलाई परम्परागत पुरुष पात्रभन्दा फरक, संवेदनशील र प्रेमिल चरित्रका रूपमा प्रस्तुत गरेका छन्। केकी अधिकारीले पनि नारी मनोविज्ञान र सम्बन्धप्रतिको समर्पणलाई प्रभावकारी रूपमा उतारेकी छन्।*

## प्रधानाध्यापक र लेखा प्रमुखले दिए राजीनामा

**इटहरी/**इटहरीस्थित जनता माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठनलाई लिएर लामो समयदेखि जारी विवादका बीच प्रधानाध्यापक पशुपति सिग्देल र लेखा प्रमुख सुरेश खड्काले राजीनामा दिएका छन् । विद्यालयमा पछिल्लो समय व्यवस्थापन समिति गठन प्रक्रिया, आर्थिक पारदर्शिता तथा विद्यालय प्रशासनको भूमिकालाई लिएर विवाद चर्किएको थियो। सोही क्रममा प्रधानाध्यापक सिग्देल र लेखा प्रमुख खड्काले पदबाट राजीनामा दिएपछि विद्यालयभित्रको विवादले नयाँ मोड लिएको छ ।

विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा लगातार दुई कार्यकाल अध्यक्ष भइसकेका काशीनाथ दंगाललाई पुनः अध्यक्ष बनाउने निर्णय भएपछि अभिभावक, राजनीतिक दल तथा सरोकारवालाले विरोध जनाउँदै आएका थिए। अभिभावक प्रतिनिधि छनोट प्रक्रिया पूरा नहुँदै शिक्षा समितिले अस्थायी समिति गठन गरेको भन्दै निर्णयको चर्को आलोचना भएको थियो । विवादकै बीच अभिभावकहरूले संघर्ष समिति गठन गरी आन्दोलनका कार्यक्रम घोषणा गरेका थिए भने विद्यालय व्यवस्थापन समितिको कार्यकक्षमा तालाबन्दीसमेत गरेका थिए ।

# त्रुटि वन्यो चौतारो



*__दमक/__ दमक नगरपालिकाले वडा वडाका सडक,टोलमा निर्माण गरेको चौतारो गलत सूचना उल्लेख गरिएपनि सम्बन्धित निकाय बेखबर बनेको छ । वर्षदिनका हारहारीमा बनाईएका यस्ता चौतारोमा देशका सात प्रदेशको नाम १ देखि ७ छन् भने कतिपयमा ६ प्रदेशको नाम भएपनि कोशी प्रदेशमा भने अझै पनि प्रदेश १ भनेर लेखिएका छन् ।*

# १२ राजाको १४ शासनकाल

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेका थिए भने गीर्वाणयुद्धविक्रम शाहको पालामा नेपाल अंग्रेजयुद्ध र नेपाल सुगौली सन्धिमा हस्ताक्षर भएको थियो। राजा त्रिभुवन वीरविक्रम शाह राणा शासनको अन्त्य गर्दै शक्तिमा आएका थिए। त्यस्तै, महेन्द्र वीरविक्रम शाहले निर्दलीय पञ्चायतको सुरुवात गरेका थिए। वीरेन्द्रले देशलाई संवैधानिक राजतन्त्रात्मक मुलुक बनाएका थिए। नेपालका अन्तिम राजा बन्न पुगेका ज्ञानेन्द्र शाहको पालामा राजतन्त्रको अन्त्यसँगै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको थियो ।

नेपालमा विसं १८२५ देखि २०६५ सालसम्म १२ जना शाहवंशीय राजाले शासन गरे। बुबा नरभुपाल शाहको मृत्युपछि विसं १८०० मा तत्कालीन श्री ५ बडामहराजधिराज पृथ्वीनारायण शाह गोरखा राज्यको सिंहासनमा पुगेका थिए । विभिन्न बाइसे चौबिसे राज्यमा विभाजित मुलुकलाई एकीकरण गर्ने क्रममा विसं १८०१ मा नुवाकोटमाथि आक्रमण गरी एकीकरणको शुरू गरेर विसं १८२५ मा इन्द्रजात्राका दिन कान्तिपुरमा विजय हासिल गरेसँगै पृथ्वीनारायण शाहले आधुनिक नेपालको स्थापना गरेका हुन् ।

त्यसपछिका विभिन्न कालखण्डमा शाहवंशीय राजाले नै राजकाज गरिरहे। विसं १९०३ देखि २००७ सालको क्रान्तिसम्म देश जहानिया राणा शासनको नियन्त्रणमा रहेको थियो। २०४६ सालको जनआन्दोलनपछि नयाँ संविधान लागू गरिएसँगै देश संवैधानिक राजतन्त्रात्मक राष्ट्रमा परिणत भएको थियो । विसं २०५८ जेठ १९ मा राजा वीरेन्द्रको वंशनाश हुने गरी दरबार हत्याकाण्ड भयो। उक्त घटनाबारे छानबिन गर्न बनेको समितिले वीरेन्द्रका छोरा (युवराज) दीपेन्द्रले चलाएको गोलीबाट परिवारका सदस्यको हत्या भएको र पछि आफैंलाई गोली हानेको प्रतिवेदन सार्वजनिक गरेको थियो । दरबार हत्याकाण्डपश्चात् तत्कालीन युवराज दीपेन्द्र कोमामा हुँदा उनलाई राजा घोषित गरिएको थियो। राजा घोषित भएको तीन दिनपछि उनको निधन भएपश्चात् दीपेन्द्रका माइला काका ज्ञानेन्द्र शाह नेपालको राजामा नियुक्त भएका थिए । उनले १९ माघ २०६१ मा निर्वाचित सरकार भंग गरी सत्ता आफ्नो हातमा लिएका थिए।

त्यसविरुद्धमा तत्कालीन विद्रोही माओवादीसहित संसद्वादी सात राजनीतिक दलको संयुक्त जनआन्दोलन भएको थियो। उक्त आन्दोलन उत्कर्षमा पुगेसँगै २०६३ सालबाट २४० वर्षे लामो राजतन्त्रको अन्त्यसँगै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित भएको थियो। २००७ सालमै ६१ दिन राजा बनेका ज्ञानेन्द्र नै दोस्रो पटक २०५८ देखि ०६५ सम्म राजकाज गरेर मुलुकका अन्तिम राजा बने ।

**शाहवंशीय शासनकालको इतिहास**

**पृथ्वीनारायण शाहः**
१८२५ असोज १३ देखि १८३१ माघ १ सम्म (६ वर्ष १०८ दिन)
**प्रतापसिंह शाहः**
१८३१ माघ १ देखि १८३४ मंसिर ६ सम्म (२ वर्ष ३१० दिन)
**रणबहादुर शाहः**
१८३४ मंसिर ६ देखि १८५५ फागुन २८ (२१ वर्ष, १११ दिन)
**गीर्वाणयुद्धविक्रम शाहः**
१८५५ फागुन २८देखि १८७३ मंसिर ७ सम्म (१७ वर्ष, २५७ दिन)
**राजेन्द्रविक्रम शाहः**
१८७३ मंसिर ७ देखि १९०४ वैशाख ३१ (३० वर्ष, १७३ दिन)
**सुरेन्द्रविक्रम शाहः**
१९०४ वैशाख ३१ देखि १९३८ जेठ ६ सम्म (३४ वर्ष, ५ दिन)
**पृथ्वी वीरविक्रम शाहः**
९३८ जेठ ६ देखि १९६८ मङ्सिर २६ सम्म (३० वर्ष, २०८ दिन)
**त्रिभुवन वीरविक्रम शाहः**
१९६८ मंसिर २६ देखि २००७ कातिक २२ (३८ वर्ष, ३३१ दिन)
**ज्ञानेन्द्रवीरविक्रम शाह :**
२००७ कातिक २२ देखि २००७ पुष २३ (६१ दिन )
**त्रिभुवन वीरविक्रम शाहः**
२००७ पुष २३ देखि २०११ फागुन ३० (४ वर्ष, ६५ दिन)
**महेन्द्र वीरविक्रम शाहः**
२०११ चैत १ देखि २०२८ माघ १७ (१६ वर्ष,३२३ दिन)
**वीरेन्द्र वीरविक्रम शाहः**
२०२८ माघ १७ देखि २०५८ जेठ १९ (२९ वर्ष, १२१ दिन)
**दीपेन्द्र वीरविक्रम शाहः**
२०५८ जेठ १९ सम्म २०५८ जेठ २२ (३ दिन)
**ज्ञानेन्द्रवीरविक्रम शाह :**
२०५८ जेठ २२ देखि २०६५ जेठ १५ सम्म (६ वर्ष, ३५९ दिन)

# नेपालको नर्सिङ शिक्षाले पुरा गर्‍यो ७० वर्ष




**दमक/** नेपालमा नर्सिङ शिक्षा सुरू भएको ७० वर्ष पूरा भयो। विसं २०१३ मा तत्कालीन श्री ५ को सरकारअन्तर्गत 'सुरेन्द्र भवन नर्सिङ स्कुल' स्थापना गरेर नेपालमा पहिलो पटक नर्सिङ शिक्षाको सुरूवात गरियो। पछि विसं २०२९ मा नयाँ शिक्षा योजना लागू भएपछि यो संस्था त्रिभुवन विश्वविद्यालयको चिकित्सा शास्त्र अध्ययन संस्थानअन्तर्गत समावेश गरियो। महाबौद्धमा सञ्चालन हुँदै आएको नर्सिङ क्याम्पसलाई विसं २०४२ मा जापान सरकारको सहयोगमा निर्माण गरिएको महाराजगन्जस्थित भवनमा सारियो ।

महाराजगन्ज नर्सिङ क्याम्पसकी प्रमुख डा. देवकाकुमारी आचार्यले सात दशकको अवधिमा क्याम्पसले हजारौँ दक्ष नर्स उत्पादन गरेको बताइन्। नेपालका सरकारी, निजी तथा अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थामा कार्यरत धेरै नर्स यही क्याम्पसबाट अध्ययन गरेर निस्किएका छन्। गुणस्तरीय शिक्षा, अनुभवी शिक्षक, उपयुक्त शैक्षिक वातावरण तथा आधुनिक सुविधाका कारण क्याम्पस नर्सिङ अध्ययनका लागि विद्यार्थीहरूको प्रमुख रोजाइ बन्यो ।

हाल क्याम्पसमा तीनवर्षे ब्याचलर अफ नर्सिङ साइन्स, चारवर्षे बीएससी नर्सिङ र चारवर्षे मिडवाइफ्री कार्यक्रम सञ्चालन गरियो। स्नातकोत्तर तहमा महिला स्वास्थ्य, वयस्क स्वास्थ्य, बाल स्वास्थ्य, मानसिक स्वास्थ्य, सामुदायिक स्वास्थ्य तथा क्रिटिकल केयर नर्सिङलगायत विषयमा अध्ययन गराइयो। क्याम्पसकी पूर्वप्रमुख चन्द्रकला शर्माले स्वास्थ्य सेवाको विस्तारसँगै नर्सिङ शिक्षा पनि क्रमशः विकास हुँदै विशेषज्ञ नर्स उत्पादन गर्ने तहसम्म पुगेको बताइन् ।

नेपालकी पहिलो नर्स लामु अमात्यले विदेशमा नर्सिङ शिक्षा हासिल गरेर नेपालमा आधुनिक नर्सिङ सेवाको जग बसालिन्। उनले लामो समयसम्म नर्सिङ शिक्षामा अध्यापन पनि गरिन्। नर्सिङ शिक्षाको विकासमा उनको योगदानलाई महत्वपूर्ण मानियो। त्यसपछि व्यवस्थित रुपमा नर्स उत्पादन गर्ने उद्देश्यले नर्सिङ शिक्षाको विस्तार गरियो ।

नर्सिङ शिक्षाको ७० वर्ष पूरा भएको अवसरमा आयोजित कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति सुशीलबहादुर वज्राचार्यले नर्सिङ शिक्षाको विकासका लागि विश्वविद्यालयले थप सहयोग गर्ने प्रतिबद्धता जनाए। कार्यक्रममा उत्कृष्ट नर्सहरूलाई सम्मान गरियो भने विद्यार्थी तथा प्राध्यापकहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरे। डा. आचार्यले आगामी दिनमा विशेषज्ञ नर्स उत्पादन, अनुसन्धान विस्तार तथा अन्तर्राष्ट्रियस्तरको शैक्षिक उत्कृष्टता हासिल गर्ने लक्ष्यसहित क्याम्पस अगाडि बढेको बताइन् ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागिः
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

## दैनिक राशिफल




**आज मिति २०८३ साल जेठ २१ गते बिहीबार**
4 June, 2026
तिथिः चतुर्थी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागिः ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मानसम्मान मिल्ने । परिश्रमक भने धेरै गर्नुपर्ला । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आफन्तबाट सरसहयोग । आर्थिक पक्षमा केही सुधार । |
| मिथुन | का कि कु घ ङ छ के को हा | अध्ययन क्षेत्रमा प्रगति । ब्यापार व्यवसाय मध्यम । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | भ्रमणको योग देखिन्छ । मनमा शंका उत्पन्न । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | साथीभाइबाट धोका । आर्थिक पक्षमा प्रगति । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | आफन्तबाट कुरा काटिने । मनमा भने उत्साह बढ्ने । |
| तुला | हि हु हे हो डा डि डु डे डो | नयाँ वस्तुको खरिद । खर्चको मात्रा बढेर जाला । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मित्रहरु दाहिना होलान् । खानपिनमा ध्यान दिनुहोला। |
| धनु | य यो भा भी भ धा फा ढ भे | गरेका कामहरुमा सफलता । पठन पाठनमा मन जाने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आयका स्रोत बढेर जाला । मनमा बढी कुराहरु खेल्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आफन्तबाट घात होला । मनमा अशान्ति । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | लेनदेनको कारोबार गर्दा सचेत रहनु होला । |

# दमकमा विकास.........



***दमकमा....***भण्डारीले सुनाए । मानिसको मृत्युपछि अन्तिम संस्कार गर्ने ठाउँको अभावलाई पुरा गर्न दाहासंस्कार स्थल निर्माण समेत भईरहेको छ । यस्तै कोटेश्र ऐतिहासिक शिव मन्दिर जहाँ मन्दिरको पूर्वपट्टि सामूहिक योगदानको भवन निर्माण भईरहेको छ । सुविधासम्पन्न भवन निर्माणका लागि वडा कार्यालयबाट ५ लाख, मेयरको कोषबाट ५ लाख र पुराण लगाएर उठेको रकम २० गरी ३० लाखको लागतमा भवनको निर्माण भईरहेको टोल विकास संस्थाका अध्यक्ष काजीमान थापाले बताए । सो वडामा अझै धेरै संरचना बनिरहेको र समयअभावले फेरी अर्को कुनै दिन अनुगमन हुने नगरप्रमुख थापाले बताए ।

---

***भुटानी....***समस्या समाधानका लागि नेपाल सरकार, अन्तर्राष्ट्रिय समुदाय तथा मानवअधिकार पक्षधर संस्थाहरूको सक्रिय भूमिका आवश्यक रहेको बताइएको छ। अध्यक्ष पौड्यालले भुटानको 'एक राष्ट्र, एक जनता' नीतिका कारण करिब डेढ लाख नागरिक विस्थापित भएको उल्लेख गर्दै सम्मानजनक पुनरागमन र मानवअधिकारको सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय दबाब आवश्यक रहेको धारणा राखेका छन्।

उनले अमेरिकामा पुनर्स्थापित केही भुटानी नागरिकलाई गोप्य रूपमा पुनः भुटान पठाइएको भनिएको घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै निष्पक्ष छानबिन, सत्यतथ्य सार्वजनिक गर्न तथा पीडितको सुरक्षा सुनिश्चित गर्न अन्तर्राष्ट्रिय निकायसँग माग गरेका छन्।

विज्ञप्तिमा विश्वभर पुनर्स्थापित भुटानी समुदायलाई आˆनो ऐतिहासिक विरासत, सांस्कृतिक पहिचान र लोकतान्त्रिक अधिकारको आन्दोलनसँग जोडिइरहन आग्रह गरिएको छ। साथै, भुटानमा वास्तविक बहुदलीय लोकतन्त्र, समान नागरिक अधिकार र कानुनको शासन सुनिश्चित गर्न विश्व समुदायको सहयोग आवश्यक रहेको उल्लेख गरिएको छ।

***एमाले....***मन्त्री रहेका थिए । एमालेले नयाँ मन्त्रीहरू पठाउन हाल रहेका चार जनालाई राजीनामा दिन लगाएको हो ।

***गर्मी....***आवागमन घटेकाले व्यापारमा प्रत्यक्ष असर परेको बताए। "अहिले अधिकांश ग्राहक साँझपख मात्र बजारमा आउने गरेका छन्," उनले भने ।

अत्यधिक गर्मीसँगै विद्युत् खपत बढ्दा दमकसहित आसपासका क्षेत्रमा पटक-पटक विद्युत् आपूर्ति अवरूद्ध हुने समस्या देखिएको छ । पंखा, कुलर, फ्रिज र पानी तान्ने मोटरको प्रयोग बढेपछि विद्युत् प्रणालीमा अतिरिक्त चाप परेको हो। स्थानीयवासीले हरेक वर्ष दोहोरिने समस्याका बाबजुद पर्याप्त पूर्वतयारी नगरेको भन्दै नेपाल विद्युत् प्राधिकरणप्रति असन्तुष्टि जनाएका छन् ।

विद्यालयहरूमा पनि गर्मीको असर देखिएको छ । केही स्थानीय तहले केही दिनका लागि विद्यालय बन्द गरे पनि धेरै स्थानमा नियमित पठनपाठन भइरहेको छ। पर्याप्त पंखा तथा शीतल वातावरणको अभावमा विद्यार्थीहरूले कक्षाकोठामा असहज महसुस गरिरहेका छन्। अभिभावक र विद्यालय प्रशासनले मौसमको अवस्था मूल्यांकन गरी आवश्यक निर्णय लिनुपर्ने आवश्यकता देखिएको छ ।

गर्मी बढेसँगै बजारमा मोही, लस्सी तथा अन्य प्राकृतिक पेय पदार्थको माग उल्लेख्य रूपमा बढेको व्यवसायीहरू बताउँछन । अन्य पेय पदार्थको तुलनामा स्वस्थकर मानिने भएकाले मोही पिउने उपभोक्ताको संख्या वृद्धि भएको छ ।

स्वास्थ्यकर्मीहरूले अत्यधिक गर्मीका कारण डिहाइड्रेसन, टाउको दुख्ने, ज्वरो आउने, अत्यधिक थकान तथा लू लाग्ने समस्या बढ्न थालेको बताएका छन्। चिकित्सक डा. अविनाश मण्डलका अनुसार बालबालिका, सुत्केरी महिला, ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरू तापलहरबाट सबैभन्दा बढी जोखिममा छन्। उनले पर्याप्त पानी पिउन, अनावश्यक रूपमा घाममा ननिस्कन र स्थानीय तहले सार्वजनिक स्थानमा पिउने पानीको व्यवस्था गर्नुपर्ने बताए ।

यसैबीच, राजधानीमा 'हिट एक्शन डे'का अवसरमा आयोजित कार्यक्रममा सरोकारवालाहरूले जलवायु परिवर्तनका कारण नेपालमा तापलहरको जोखिम बढ्दै गएको भन्दै पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै 'हिट एक्शन प्लान'को कार्यान्वयन सुदृढ गर्नुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा मीनबहादुर मल्लले तराईका अधिकांश जिल्ला तातो हावाको उच्च जोखिममा रहेको उल्लेख गर्दै समुदायस्तरमा सञ्चालन भइरहेका 'हिट एक्शन' कार्यक्रम विस्तार गर्न सरकारको रणनीतिक सहयोग आवश्यक रहेको बताए। अमेरिकी रेडक्रसको सहयोगमा बाँके र रूपन्देहीमा लूबाट बच्ने उपायसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भइरहेको उनले जानकारी दिए ।

त्यस्तै डा. अर्चना श्रेष्ठले पछिल्ला वर्षहरूमा विश्वव्यापी तापक्रम वृद्धिले नयाँ रेकर्ड कायम गरिरहेको बताइन्। उनका अनुसार सन् २००० यता नेपालका ४० भन्दा बढी मौसम मापन केन्द्रहरूमा तापक्रम वृद्धिको नयाँ रेकर्ड बनेको छ। विभागले तापीय अवस्थाको निगरानी, पूर्वानुमान प्रणाली सुदृढीकरण तथा तापलहरसम्बन्धी प्रभावमा आधारित पूर्वानुमान प्रणाली विकास गरिरहेको उनले बताइन्।

बढ्दो गर्मीका कारण जनस्वास्थ्य, शिक्षा, रोजगारी र दैनिक जीवनमा प्रत्यक्ष असर देखिन थालेको अवस्थामा सरोकारवालाहरूले पूर्वसूचना प्रणाली, स्वास्थ्य सेवा तयारी, सार्वजनिक खानेपानी व्यवस्था तथा समुदायस्तरमा सचेतना अभियानलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएका छन्। विशेषज्ञहरूले अत्यधिक घाममा ननिस्कन, प्रशस्त पानी पिउन, रसिलो खानेकुरा सेवन गर्न र लूबाट बच्ने उपाय अपनाउन सबैलाई आग्रह गरेका छन् ।

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०२बस्ने चन्द्र कुमारी पन्धाकको नाममा दर्ता कायम रहेको लेटाङ्ग७/ख कि.नं. १०५४ ज.वि. ०-०-१४-०मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतरतर्फ सँधियार बम बहादुर तामाङ्ग उपस्थित नहुनु भएको हुँदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

# कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०२/१८

**यस राष्ट्रिय बहुमुखी सहकारी संस्था लि. को प्रधान कार्यालय, सेतुमारी रोड, दमक-८ बाट निम्न बमोजिम कर्जा लिने ऋणी सदस्यले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र सहकारीमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम सहकारीलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला वा रकम तिरि बुझाइसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु होला । अन्यथा कोशी प्रदेश सहकारी ऐन २०७६ को दफा ६६, कोशी प्रदेश सहकारी नियमावली २०७६ को दफा २२ र संस्थाको विनियम एवं नीति अनुसार यस सहकारीसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी सहकारीको बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।**

## तपशील

**१. ऋणी : श्री डिल्ली संग्रौला (सदस्य नं १०२२) ना.प्र.नं. ३४१५१७०४६, जारी स्थान/मिति : झापा, २०४६/०३/०६**
बाजेको नाम : जय प्रसाद संग्रौला, बुवाको नाम : धर्मानन्द संग्रौला
ठेगाना : झापा जिल्ला माहारानी झोडा न.पा/गा.पा. वडा नं. ५
झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. ९ (हाल)

**व्यक्तिगत जमानीकर्ता :**
क) श्री खडानन्द भण्डारी , बाबु : काशिनाथ भण्डारी , बाजे : अविचन्द्र भण्डारी, ठेगाना : झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. १

**धितो सुरक्षणको विवरण :**
(क) श्री जय प्रसाद संग्रौला को नाति, धर्मानन्द संग्रौला को छोरा, झापा जिल्ला दमक न.पा - ९, बस्ने वर्ष ५४ को श्री डिल्ली संग्रौलाको नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, दमक न.पा. - १४ स्थित कि.नं. ४२० को क्षेत्रफल : ९४.७९ व.मि. भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।
(ख) श्री जय प्रसाद संग्रौला को नाति, धर्मानन्द संग्रौला को छोरा, झापा जिल्ला दमक न.पा - ९, बस्ने वर्ष ५४ को श्री डिल्ली संग्रौलाको नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, शिवगञ्ज न.पा. - ७ स्थित कि.नं. १७८४६ को क्षेत्रफल : २२०.१२ व.मि. भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।
(क) श्री जय प्रसाद संग्रौला को नाति, धर्मानन्द संग्रौला को छोरा, झापा जिल्ला दमक न.पा-९, बस्ने वर्ष ५४ को श्री डिल्ली संग्रौलाको नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, दमक न.पा. - १६ स्थित कि.नं. ६११ को क्षेत्रफल : ११०.४२ व.मि., कि.नं. ६१३ को क्षेत्रफल : २.८० व.मि. र कि.नं. ६३३ को क्षेत्रफल : ११३.३८ व.मि. भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणी : श्री विमला मरह लिम्बु (सदस्य नं १००५, ना.प्र.नं. ०३-०२१-३-१९८९ , जारी स्थान/मिति : इलाम, २०६३/११/११)**
बाजेको नाम : मान बहादुर मरह, बुवाको नामः रन बहादुर लावती,
**ठेगाना** : इलाम जिल्ला महमाई न.पा/गा.पा. वडा नं. १
झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. २ (हाल)

**व्यक्तिगत जमानीकर्ता :**
क) श्री प्रतिभा राई , बाबु : कर्ण बहादुर राई , बाजे : जस दल राई,
**ठेगाना** : पाँचथर जिल्ला कुरुम्बा न.पा/गा.पा. वडा नं. १ झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. १ (हाल)

**धितो सुरक्षणको विवरण :** श्री मान बहादुर मरह लिम्बु को नातिनी, रन बहादुर लावती को छोरी, झापा जिल्ला दमक न.पा-०२, बस्ने वर्ष ४३ को श्री विमला मरह लिम्बुको नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, दमक न.पा.-१ स्थित कि.नं. २७६७१ को क्षेत्रफल : १६०.८५ व.मि. भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।

**३. ऋणी : श्री राम प्रसाद राई (सदस्य नं ९०, ना.प्र.नं. २४५/९४१ , जारी स्थान/मिति : पाँचथर, २०४४/१०/२३ )**
बाजेको नाम : जस दल राई , बुवाको नाम : कर्ण बहादुर राई
**ठेगाना** : पाँचथर जिल्ला कुरुम्बा न.पा/गा.पा. वडा नं. १
झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. ८ (हाल)

**व्यक्तिगत जमानीकर्ता :**
क) श्री प्रतिभा राई , बाबु : कर्ण बहादुर राई , बाजे : जस दल राई
**ठेगाना :** पाँचथर जिल्ला कुरुम्बा न.पा/गा.पा. वडा नं. १
झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. १ (हाल)

**धितो सुरक्षणको विवरण :** श्री जनक सिं राई को छोरी, राम प्रसाद राई को पत्नी, पाँचथर जिल्ला हाङगुम न.पा-०६, बस्ने वर्ष ४९ को श्री सरिता राई को नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, दमक न.पा.-१ स्थित कि.नं. १९९३१ को क्षेत्रफल : ०-१-२-० (वि.-क.-धु.-क.) भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।

**४. ऋणी : श्री गणेश राई (सदस्य नं ७०४, ना.प्र.नं. २३११११६६/०४४/६१७१, जारी स्थान/मिति : झापा, २०५५/०५/०७)**
बाजेको नाम : पशुपति राई , बुवाको नाम : महेश राई
**ठेगाना** : झापा जिल्ला लखनपुर न.पा/गा.पा. वडा नं. १

**व्यक्तिगत जमानीकर्ता :**
क) श्री कौशिला देवी राई , बाबु : हर्क बहादुर राई , बाजे : तर्व राई
**ठेगाना** : पाँचथर जिल्ला कुरुम्बा न.पा/गा.पा. वडा नं. ५
झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. ८ (हाल)

**धितो सुरक्षणको विवरण :** श्री पशुपति राई को नाति, महेश राई को छोरा, झापा जिल्ला लखनपुर न.पा- ०१, बस्ने वर्ष ४७ को श्री गणेश राईको नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, दमक न.पा.-१० स्थित कि.नं. ९७४ को क्षेत्रफल : १६२.४० व.मि. भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।

**५. ऋणी : श्री पदम बहादुर जबेगु (सदस्य नं ५३३, ना.प्र.नं. २३११४१३७५ , जारी स्थान/मिति : झापा, २०५२/०१/०४)**
बाजेको नाम : गौरी प्रसाद जबेगु , बुवाको नाम : श्री प्रसाद जबेगु
**ठेगाना** : झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. ८

**व्यक्तिगत जमानीकर्ता :**
क) श्री धनमाया मगर (थापा), बाबु : भगीमान मगर,पति : धन बहादुर थापा,
**ठेगाना** : झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. ८

**धितो सुरक्षणको विवरण :** श्री चन्द्र प्रसाद को छोरी, श्री प्रसाद जबेगुको पत्नी, झापा जिल्ला लखनपुर न.पा-०१, बस्ने वर्ष ७० को श्री सुरेश कुमारी लिम्बु को नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, लखनपुर न.पा. - ५क स्थित कि.नं. २०४ को क्षेत्रफल : ०-१८-०-० (वि.-क.-धु.-क.) भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।

**६. ऋणी : श्री प्रमिला पुलामी (सदस्य नं २३२ , ना.प्र.नं. ३९३९९/१३०८, जारी स्थान/मिति : इलाम , २०४८/१२/१३)**
बुवा को नाम : पदम बहादुर पुलामी , पतिको नाम : धन राज लिम्बु
**ठेगाना :** झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. १०

**व्यक्तिगत जमानीकर्ता :**
क) श्री गंगा देवि राई , बाबु : कुल बहादुर राई , पति : जितमान राई
**ठेगाना** : भोजपुर जिल्ला दिल्पा न.पा/गा.पा. वडा नं. ५, झापा जिल्ला दमक न.पा/गा.पा. वडा नं. ८ (हाल)

**धितो सुरक्षणको विवरण :** श्री पदम बहादुर पुलामी को छोरी, श्री धन राज लिम्बु को पत्नी, झापा जिल्ला दमक न.पा - १० , बस्ने वर्ष ५१ को श्री प्रमिला पुलामी को नाममा भूमि प्रशासन कार्यालय दमक झापामा दर्ता रहेको झापा जिल्ला, मधुमल्ला न.पा.- ६ण स्थित कि.नं. ५७९ को क्षेत्रफल : ०-१८-०-० (वि.-क.-धु.-क.)/३३८.६४ व.मि., कि.नं. ५७९ को क्षेत्रफल : ०-०-४-० (वि.-क.-धु.-क.)/६७.७३ व.मि. भएको जग्गा र सोको सम्पूर्ण लिगलगापात समेत ।

***पुनश्च :*** *यस संस्थाबाट ऋण लिई किस्ता बुझाउन बाँकी रहेका सम्पूर्ण सदस्यहरुलाई समेत यसै सूचना मार्फत ऋणको किस्ता (साँवा तथा ब्याज)समयमै भुक्तानी गर्नहुन अनुरोध गर्दछौं ।*

## राष्ट्रिय बहुमुखी सहकारी संस्था लि.

RASTRIYA BAHUMUKHI CO-OPERATIVE LIMITED

**(प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यलयको इजाजत प्रप्त संस्था)**
**प्रधान कार्यलय सेतुमारी रोड- ८, दमक, झापा**
फोन नं. ०२३-५७४०११
email : *nationalmultipal@gmail.com*
**कर्जा असुली तथा ताकेता उप-समिति सेतुमारी रोड-८, दमक, झापा**
फोन नं. ०२३-५७२६७६

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल